केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२७/०६५/६६ मिति : २०६५/१०/२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहायमा उल्लेखित विभिन्न विषयहरुका सम्बन्धमा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) Margin Lending प्रकृतिको कर्जाका सम्बन्धमा यस बैंकबाट प.सं.बैं.वि.नि.वि./नीति/ परिपत्र/१३/०६४/६५ मिति २०६४/६/२० मा जारी भएको परिपत्रको बुँदा नं. ३ मा "यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्न समेत पाइने छैन" भन्ने उल्लेख भएकोमा प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/२३/०६५/६६ मिति २०६५/९/६ को परिपत्रबाट सो व्यवस्थालाई परिमार्जन गरी "यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्न समेत पाइने छैन । तर, अन्य प्रयोजनको लागि प्रवाह भएको कर्जाको लागि थप सुरक्षणस्वरुप ऋणीले दिएको शेयर धितोको हकमा यो व्यवस्था लागू हुने छैन । साथै, त्यस्तो कर्जा कुन प्रयोजनका लागि प्रवाह गरिएको वा उपयोग भएको भन्ने सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाले आवश्यक सूचना, तथ्यांक र विवरण सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गरेको हुनुपर्नेछ ।" भन्ने व्यवस्था कायम गरिएको व्यहोरा तहांलाई विदितै छ । सो सम्बन्धमा थप धितो सुरक्षणस्वरुप लिइने त्यस्तो शेयर, अतिरिक्त धितोको रुपमा मात्र रहने व्यहोरा स्पष्ट पारिएको छ ।

***उदाहरण:*** *घरजग्गा खरिद / निर्माणको लागि त्यस्तो घरजग्गा नै प्राथमिक धितोको रुपमा राखी उक्त प्राथमिक धितोले नै कर्जा सुरक्षित भैरहेको अवस्थामा अतिरिक्त सुरक्षण वापत थप शेयर समेत धितो लिएको अवस्था भएमा नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्न पाइने छ । यसैगरी, व्यवसायिक र औद्योगिक कर्जाको हकमा परियोजना र अन्य स्थिर सम्पत्तिका अतिरिक्त थप सुरक्षणको रुपमा शेयर धितो लिइएको अवस्था भएमा समेत नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्ने सुविधा पाइने छ । तर, संस्थागत र व्यक्तिगत जमानतलाई मात्र प्राथमिक धितोको रुपमा लिई अतिरिक्त सुरक्षण वापत शेयर धितो रहेको अवस्थामा भने नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्न पाइने छैन ।*

(२) Margin Lending प्रकृतिको शेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा पत्रसंख्या बै.वि.नि.वि./नीति/परिपत्र/ २३ /०६४/६५ मिति २०६४/१०/८ को परिपत्रबाट सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्य (Closing Price) को औषत मूल्यको आधारमा बढीमा ५० प्रतिशत वा शेयरको प्रचलित वजार मूल्यको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो रकमसम्म मात्र कर्जा दिन सकिने व्यवस्था गरिएकोमा सो सम्बन्धी अन्य व्यवस्थालाई यथावत कायम राखी Margin Call गर्ने सम्बन्धमा निम्नानुसारको थप व्यवस्था गरिएको छ ।

(क) शेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले Margin Call गर्नुपरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले हरेक हप्ताको शुक्रबार मूल्य अनुगमन गरी ऋणी ग्राहकलाई सूचना गरी बढीमा २१ दिन भित्रमा निर्देशित सीमाभित्र ल्याउने गरी Margin Call गर्नुपर्ने ।

(ख) खण्ड (क) बमोजिम सूचना जारी गरेपछि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तोकिएको समयावधिभित्र सम्बन्धित ऋणी/ग्राहकबाट Margin वापतको रकम जम्मा गराई सक्नु पर्ने ।

(ग) खण्ड (ख) अनुरुप नभएमा त्यसपछिको ७ दिन भित्रमा त्यसरी सुरक्षण राखिएको शेयर नेपाल स्टक एक्स्चेन्ज

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

लि.मार्फत् विक्री गरी कर्जा असुल उपर गरी सक्नु पर्ने ।

(घ) खण्ड (ग) अनुरुप असुल उपर नभएमा त्यस्तो कर्जाको लागि १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने ।

(३) कुनै पनि प्रकारको मुद्दती निक्षेप स्विकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित व्याजदर (Coupon Rate) पारदर्शी बनाई त्यस्तो व्याजदर बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट थप सुविधा दिन नपाइने व्यवस्था गरिएको छ ।

(४) यस बैंकको पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२०/०६५/६६ मितिः २०६५/०८/०२ को परिपत्रबाट बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै प्रकारको कर्जा सम्बन्धी लिखत प्रचलित ऐन कानून बमोजिम देवनागरी लिपी नेपाली भाषामा तयार गरी अनिवार्यरुपले २०६५ माघ १ गते देखि लागू गर्ने गरी परिपत्र गरिएकोमा सो समयावधि २०६५ फाल्गुण १ गते देखि अनिवार्यरुपमा तयार गर्नुपर्ने गरी संशोधन गरिएको र यो व्यवस्था विदेशी नागरिकहरुसंग हुने कारोवारको हकमा अनिवार्य नहुने व्यवस्था गरिएको छ । साथै, विदेशी बैंकिंग कारोवारमा मात्र प्रयोग हुने लिखतहरुको हकमा भने (जस्तैः प्रतितपत्र) देवनागरी लिपी नेपाली भाषामा तयार गर्न अनिवार्य भने नभएको व्यहोरा समेत जानकारी गराइएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।